सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन



चोमोलोङ्मा राई
उदयपुर बसाहा
नेपाली राष्ट्रिय महिला फुटबल खेलाडी

■ बर्ष-१५, ▶▶ अंक ३८७ साउन ३१ आईतबार,२०७८, August– 15 Sunday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

## क्रिशलालाई न्याय देउ

❖ मुलुकी संवाद्दाता



*गाईघाट, साउन ३०*

त्रियुगा नगरपालिका ६ जलजले उदयपुरकी क्रिशला चौधरीको हत्याको हत्यारालाई चाँडो कारवाही गर्न माग गर्दै डायनामिक युथ गाईघाटले शनिबार जिल्ला प्रहरी कार्यालय उदयपुरलाई ध्यानकर्षणपत्र बुझाएको छ ।

युवा महिला पुनम राईको नेतृत्वको टोली जिल्ला प्रहरी कार्यालय उदयपुरमा बिरोध र्‍याली सहित गएर ध्यानकर्षणपत्र बुझाएको हो । ध्यानकर्षणपत्र जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रहरी नायब निरिक्षक गंगाराम राई र कमल कुमार कार्कीले बुझेका थिए । पत्र बुझ्दै नायब निरिक्षक राईले सो पत्र कार्यालय प्रमुखलाई बुझाई सो पत्रको कारबाहीको लागि प्रक्रिया अघि बढाउन आईतबार पत्र बुझाउने पुनम राई लगायतलाई अनुरोध गरे ।

## भगत कि रसाईली ?
## त्रियुगा उद्योग बाणिज्य संघमा

❖ बुद्धि कुमार राई











## कटारीमै मिलेर बसौ

❖ बेद कुमारी राई





*कटारी, साउन ३०*

उदयपुर जिल्लाको कटारी नगरपालिकाका उपप्रमुख उपमेयर भिमकुमारी राउतले नगरपालिकाबाट छुटिएर जान लागेका ५ वडाहरुलाई नगरपालिकाभित्रनै मिलेर बस्न अनुरोध गरेकी छिन् ।

मुलुकी दैनिकको साक्षात्कार कार्यक्रममा उपमेयर राउतले पहाडि भेगमा रहेको ५ वटा वडाहरु एकदमै दुर्गम ,टाढा भएकोले विकास निर्माणमा ढिलाई हुने जनतालाई सेवा सुविधा सुस्त ढिला जस्ता समस्या हुने भएकोले ति वडाहरु छुटिएर बेग्लै गाउँपालिका बन्न माग गरिरहेको बताईन । लिम्पाटार ९,सोरुङ छविसे १०, हर्दैनी ११,मयङखु १३ र लेखानी १४ नम्बर वडाहरु छुटिएर गाउँपालिका बन्ने तरखरमा छन्। उपमेयर राउतले नगरपालिका भित्रनै मिलेर बस्न आग्रह गरेकी हुन्। हाल १४ वटा वडां रहेको कटारी नगरपालिकामा ५ वटा वडाहरु छुटिएर गाउँपालिका बने बाँकी ९ वटा वडाको कटारी नगरपालिका बन्नेछ।



## हार्दिक बधाई तथा शुभकामना





मेरा मित्र प्रेम कुमार राई (चामलिङ) नेशनल लाईफ इन्सोरेन्स कम्पनी लिमिटेड गाईघाट उदयपुर शाखाका शाखा इन्चार्ज नेपालभर रहेको नेशनल लाइफ इन्सोरेन्स कम्पनी लिमिटेडको १०८ शाखाहरु मध्ये सर्बोकृष्ट भई काठमाडौमा कम्पनीबाट पुरष्कृत तथा सम्मानित हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामना दिन चाहान्छौ ।

बुद्धिकुमार राई (चामलिङ)
सम्पादक
मुलुकी खबर दैनिक

थमान चामलिङ राई
प्रोपाईटर
टिटि सप्लायर्स, गाईघाट, उदयपुर

महेश्वर चामलिङ राई
सम्पादक
माझखर्क साप्ताहिक

## सानुमाया फर्निचर उद्योग



प्रोपाईटर
कैलाश खत्री

सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क – ९८४२९८५१८८

## सम्पादकीय

# गजेन्द्र भगत र रमेश र साईलीले दिएको सन्देश

त्रियुगा उद्योग बाणिज्य संघ उदयपुको बिवाद समन्धी अन्तमि आदेश फुकाउको आज साउन ३१ गते आईतबा उच्च अदालत बिाटनग मोडमा फैसला हुँदैछ। त्रियुगा उद्योग बाणिज्य संघमा आएको यो बिबादको मुख्य दोषि अध्यक्ष गजेन्द्र कुमा भगत नै हुन्। उनी आफु अध्यक्ष हेको संस्थाको आर्थिक कोाबा, संस्था नबिकण, सदस्यता नबिकण, साधण सभा, अधिबेशन समयमानै गेका भए अहिले यो अबस्था आउने थिएन। अध्यक्ष गजेन्द्र भगत सहित उनका कार्यसमितिका अन्य पदाधिकीहरु तथा कार्यसमिति सबै सदस्य यस बिबादको दोषिका भागिदा हुन्। भन्नेनै हो भने यो कार्यसमिति सबै बिबादित असफल हुन्। गजेन्द्र कुमा भगतकै प्यानलबाट जितेका प्रथम उपाध्यक्ष मेश साईली, दितिय उपाध्यक्ष हस्तमाया ाई, तत्कालिन महासचिब जो चुनाब जिते ाजिनामा दिए गएका चुडामणी कार्की, कोषाध्यक्ष लक्ष्मीनाायण श्रेष्ठ एउटै प्यानलमा थिए। उनीहरुको प्रतिस्पर्धी टिमबाट आएका सचिब दिनेश श्रेष्ठ अहिले विपक्षी खेमामा उभिएका छन्।

अहिले भईहेको बिबाद मिल्ने कु कहाँ थियो भने दुई पटकसम्म गजेन्द्र कुमा भगतलाई अध्यक्ष बन्न तन, मन, धन दिए साथ दिएका प्रथम उपाध्यक्ष मेश साईली, दितिय उपाध्यक्ष हस्तमाया ाईलाई नेतृत्वको लागि गजेन्द्रकुमा भगतले साथ दिनुपर्दथ्यो। यदि साईली ाईको साथ नपाएको भए भगत अध्यक्ष हुने थिएनन्। अध्यक्ष भगतले त्यो सबै गुण बिर्से अहिले त्रियुगा उद्योग बाणिज्य संघमा चुनाब जिते जितेको केही समय पछि सम्पुर्ण ब्यापाीलाई धोका दिदैं भोटको मतको अबमुल्यन गर्ने चुडामणी कार्कीलाई साथ दिनु अध्यक्ष भगतको धोकेबाज हो। गजेन्द्र भगतलाई अहिलेको अबस्थामा आईपुग्न दिन मेश साईलीहरुले पनि २०७३ सालदेखि ३ बर्षे कार्यकाल २०७६ सम्मको मितिमा यो कार्बाही गनिुपर्दथ्यो। अहिले जे जति गतिबिधि भईहेको छ। त्यो सबै त्रियुगा उद्योग बाणिज्य संघ, चुडामणी कार्की, अन्य भगत समुहका कार्यसमिति सदस्यबाहिका ब्यापाी, साईली समुहका पदाधिकीलाई खर्च झन्झट दिए बाणिज्य संघलाई बन्दीको घेमा पार्न भगत खोज्दैछ।

साईली समुह पनि अध्यक्ष भगतले अध्यक्षमा सर्मथन गर्ला कि भने यो समयसम्म पर्खनु हुन्न थियो। अब हुने भनेको भगतले जति धै लामो समय बाणिज्य संघको बिबाद लम्बाए चुनाब हुन नदिने ब्यापाीहरुलाई निाशा बनाउने उनको योजना हो। उनी चुनाब चाहादैनन्। चुनाब चाहाने भए यति लामो अदालती प्रक्रियामा जादैनथे। अब अदालत धाउनुपर्नेछ। अब वकिलहरु मोटाउनेछ। भगतले पाउनुपर्ने केही छैन उनी दुई पटक अध्यक्ष भईहाले। केन्द्रीय सदस्य भईहाले। अब हुने भनेको उनी अझै बिबाद लम्बाए त्रियुगा उद्योग बाणिज्य संघको अध्यक्ष भईहने प्रक्रियामा छन्। यहाँ हुने भनेको चुडामणी कार्की लगायत मेश साईलीलाई अदालती प्रक्रियामा लम्बाए खर्चाए आर्थिक भा बोकाउनुनै भगतको उदेश्य हो। अब यि दुबै नेतृत्वको दाबी गहिने कार्की साईलीले चाँडो चुनाब गेन भने तेस्रो ब्यात्तिको बिकल्पमा ब्यापाीहरु जानुपर्छ।

| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १५, काँक्रा | रु ७० |
| २, अदुवा | रु १६० | १६, धनियाँ | रु ८० |
| ३, टमाटर | रु ६० | १७, लोकल बोडी | रु ८० |
| ४, बन्दा | रु ६० | १८, खर्बुजा | रु ४० |
| ५, भेन्टा | रु ८० | १९, रायो साग | रु १०० |
| ६, खुर्सानी | रु २०० | २०, लट्टे साग | रु ६० |
| ७, मुला | रु ६० | २१, प्याज | रु ७० |
| ८, पर्बल | रु १०० | २२, निगुरो | रु २५ |
| ९, तितेकरेला | रु ६० | २३ दुध | रु. ७० |
| १०, भिन्डी | रु ८० | २४, दही | रु ९० |
| ११, च्याउ | रु २४० | २५, मोही | रु ५० |
| १२, काउली | रु १६० | २६, घ्यु | रु ७०० |
| १३, पर्सी | रु ५० | २७, राँगाको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २८, बंगुरको मासु | रु ४०० |
| | | २९, खसीको मासु | रु १,००० |

# बेलकाको किसानको नेता मनोरथ

❖जयराम पुर्वाछाने मगर

*बेलका, साउन ३०*

अखिल नेपाल किसान महासंघ बेलका नगरपालिकाको अध्यक्षमा मनोरथ कोइरालाको अध्यक्ष चुनिएका छन।



एक सय पाँच सदस्यीय महासंघ अधिवेसनबाट घोषणा गरिएको हो। जसमा उपाध्यक्ष कल्पना राई, सचिव किसोर रई, कोषाध्यक्ष प्रताव सिंह राई रहेका छन्। सम्पुर्ण सोशित पिडित किसानहरु एकजुट हौ नाराको साथ आयोजित अधिवेसन बेलका नगरपालिकाको सभाहलमा आयोजित थियो भने कार्यक्रमका अध्यक्षता गरि रहेका अखिल नेपाल किसान महासंघका केन्द्रिय सदस्य नारद निरौलाले किसानहरुरको उत्थान र परिचालनका लागि महासंघ आवश्यक रहेको बताए।

कार्यक्रमको संचालन नेकपा एमाले बेलका नगर पालिकाका सचिव नुनिराम रईले गरेका थिए। नेकपा एमालेको केन्द्रिय स्थानीय विभाग सदस्य तथा बेलका नगरपालिकाका नगर प्रमुख दुर्गा कुमार थापाले साविकको गाउ विकास समितिको नेकपा एमालेका किसानहरुलाई पहिलो अधिवेसनबाट एकै ठाउमा ल्याएको बताउनु भयो। उनले किसानहरुको आन्देलनमा सधैं ऐकैबद्धता जनाउने बताउदै सो कार्य किसान महासंघले गर्ने बताए। ७४ प्रतिशत काम सम्पन्न गरि सकेको बेलकाको भुमि व्यवस्था कार्यालयले भुमिहिनलाई पुर्जा दिन लागेको उनि थप्छन्।

नेकपा एमाले जिल्ला कमिटिका सचिव कुशलवावु बस्नेतले कृषिकर्महरु यान्त्रिकरण सँगै आधुनिकतामा ढल्किनु पर्ने बताए।परमादेश सरकारको भुमि आयोग खारेजीको विरुद्धमा श्रावन ३२ गते प्रमुख जिल्ला अधिकारीलाई उदयपुरका ८ वटै स्थानीय तहबाट ध्यानाकर्षण पत्र पेश गर्ने कार्यक्रम रहेको छ। बेलका नगरपालिकाका हजारौ भुमिहिन किसानहरुलाई पुर्जा वितरणको कार्यमा प्रभाव पार्ने खालको गतिविधि विरुद्धको काय ध्यानाकर्षणको लागि किसान एक जुट हुन लागेका हुन्।

किसानमा विचौलियाको समस्या हट्नु पर्ने नेकपा एमालेकी जिल्ला कमिटी सदस्य तथा बेलका नगरपालिकाकी उप प्रमुख राजकुमारी चौधरीले बताउनु भयो। किसानले नेकपा एमालेलाई अहिलेको स्थानमा ल्याएको बताउदैं उनले जनतालाई चुनावमा भुमिको मालिक बनाउने प्रतिवद्धता पुरा गर्ने बताइन्। वक्ताहरुले सिकानका विचका विचौलिया समस्या, अनुदान लक्ष्यित कृषकहरुको उत्पादन लगायत बिषयमा विचारहरुर राखेका थिए।

## ४५ बाट ....

आएको थियो। बीचमा प्रशिक्षक फिलिप्स नहुँदा पनि सहायक प्रशिक्षकहरुबाट अभ्यास गरिरहेका थिए र पुरुष टोलीका मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले पनि प्रेरणदायिक भाषण र भ्रमण गरेका थिए। अहिले आएर महिला टोलीका लागि मुख्य प्रशिक्षक फिलिप्सको घोषणमा ४५ जनाबाट १२ जना घटाएर ३३ जनाको टोलीमा सीमित पारिएको छ। तर यो ३३ जनाको टोली नै अन्तिम घोषणा भने होइन।

यसबाट अन्तिम २३ जनाको टोलीको अपेक्षा गरिएपनि मुख्य प्रशिक्षकको निर्णय र छनौट नै अन्तिम हुने भएकोले अन्तिम टोलीको घोषणामा एकदुई संख्या थपघट हुन सक्नेछ। अहिलेलाई मुख्य प्रशिक्षकले प्रारम्भिक टोलीबाट प्रारम्भिक छनौटमात्र गरेका हुन्। यस प्रारम्भिक छनौटबाट बाहिरिने १२ जनामा उदयपुरकी चोमोलुङ्मा, टोलीकै कान्छी झापाकी कुसुम, सरस्वती हमाल, सपना राई, सपना लामा, सलौनी राना, घिम कुमारी गुरुङ, गोलरक्षाक साबित्रि किशन, रविना गोले, सुस्मा तामाङ, सृजना चेम्जोङ र रेखा पौडेल छन्।

आश्चर्यको कुरा त महिला लिग च्याम्पियन एपिएफका रविना, सुस्मा र सृजना बाहिरिनुमा भयो। त्योभन्दा ठुलो आश्चर्य राष्ट्रिय टोलीका रेखा बाहिरिनुमा भयो। रेखा पछिल्लोपटक राष्ट्रिय टोलीमा ठाउँ बनाएकी युवा स्ट्राइकर एवम राष्ट्रिय स्तरमै चर्चित नाम हो। पछिल्लो पटक राष्ट्रिय टोलीमा पर्ने सबै खेलाडी यसपटकको राष्ट्रिय टोलीको प्रारम्भिक छनौटमा पर्दा उनी एक्ली प्रारम्भिक छनौटमा पर्न असफल भएकी छिन्। यसपटक प्रिती राई र अमिशा कार्कीले प्रारम्भिक छनौट पार गरि दोस्रो चरणमा स्थान बनाएका छन्। अमिशाले पहिलोपटक दोस्रो चरणमा स्थान बनाएको होभने प्रिती चाहि यसअघि १३ औं साग खेलकुदको लागि अन्तिम छनौटसम्म आइपुगेर बाहिरिएकी थिईन्।





**नगर प्रहरी खोई त प्रमुख प्रशासकिय अधिकृत ज्यू ?** मदन भण्डारी लोकमार्गको गाईघाट बजार क्षेत्रको सडकपेटीमा शनिबार, बिहान, बेलुका पैदलयात्रुले हिड्न नपाउँनु मेयर ज्यू ? शनिबार, राति, बिहान, बेलुका सवारी दुर्घटना हुँदैन हो ? खोई त्रियुगा नगरपालिकाको १२ जना नगर प्रहरी ? *तस्बिर - बुद्धि कुमार राई ।*

## क्रिशलालाई न्याय देउ











# मास्क नलगाउँदा ४७ हजार

❖ मुलुकी संवाद्दाता

**उदयपुर, साउन ३०**

जिल्ला प्रहरी कार्यालय उदयपुरले बजार छेत्रमा मास्क नलगाइ हिड्ने ब्यात्तीबाट ३८ हजार ५ सय राजश्व रकम असुल गरेको छ ।

उदयपुर जिल्लाभर गाइघाट बजार, कटारी बजार, रामपुर बजार, बेल्टार बजार, जलजले बजार, बसपार्क लगायतको छेत्रबाट साउन २६ गते मङ्गलबारदेखि साउन २९ गते शुक्रबारसम्म ४ दिनमा जिल्लाभर ३ सय ८५ जना ब्यात्तिलाइ प्रहरिले कार्बाहि गरेको हो । प्रती ब्यात्ती एक सय रुपैयाले ३ सय ८५ जना बाट ३८ हजार ५ सय राजश्व रकम अशुल गरेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।



मास्क नलगाइ हिड्ने ब्यात्तिहरुलाई कार्बाही गर्ने क्रम जारी जारी रहनेछ । जिल्ला प्रहरी कार्यालय उदयपुरको संचार शाखाको तथ्यांक अनुसार अभियानको पहिलो दिन साउन २६ गते मङ्गलबार जिल्लाभर ९५ जना बाट ९ हजार ५ सय, साउन २७ गते बुधबार ८९ जनाबाट ८ हजार ९ सय, साउन २८ गते बिहिबार ८१ जनाबाट ८ हजार १ सय र साउन २९ गते शुक्रबार १ सय ३० जनाबाट १३ हजार जरिबाना स्वरुप राजश्व उठाइयको छ ।

साउन ३० गते शनिबार थप ९० जना उदयपुर जिल्लाभर प्रहरी कार्बाहीमा परेका छन् । उनीहरुबाट ९ हजार थप राजश्व संकलन भएको छ । उदयपुरमा बितेको ५ दिनमा ४ सय ७५ जनाबाट ४७ हजार ५ सय जरिबाना प्रहरीले असुलेको छ ।







## तुरुन्त चाहियो

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारको मेनचोक बिशालबजार भित्र रहेको महिमा मम सेन्टरलाई तु कर्मचारी चाहियो ।
कुक हेल्पर - १ जना, वेटर - २ जना, मिट कटर - १ जना, सहयोगी - १ जना,
सम्पर्क - महिमा ममसेन्टर । ९८६५४७६८८०, ९८०३३०३८०२

# Admission Open

भर्ना खुल्यो ।।।
भर्ना अवधी : श्रावण २५ गतेदेखि भाद्र ६ गतेसम्म ।
अभिमुखिकरण (Orientation):भाद्र -७ गते बिहान -७ बजे
कक्षा सन्चालन: भाद्र -९ गतेबाट ।
सम्पर्क समय : बिहान ७ बजेदेखि १० बजेसम्म
सम्पर्क न - 9852844003÷9807787309 9852835146÷9807766136
कक्षा ११ मा सिट सिमित छ। चाडैं भर्ना गर्नु होला ।हाललाइ भर्ना गर्दा अन्लाईन SEE को Gradesheet लिएर आउनुहोला



# ४५ बाट उदयपुरकी चोमोलोङ्मा राई सहित १२ जना महिला फुटबल खेलाडी बाहिरिए

❖ बिबेक राई

**गाईघाट, साउन ३०**

नेपाली महिला राष्ट्रिय फुटबल टोलीको प्रारम्भिक छनौट भएको छ। महिला टोलीका लागि मुख्य प्रशिक्षक अष्ट्रेलियाका फिलिप्स ग्यारीले शनिबार प्रारम्भिक छनौट गरेका हुन् । उनले सुरुमा बोलाइएका ४५ जनामध्ये १२ जनालाई बाहिर निकाल्दै प्रारम्भिक छनौट गरेका हुन् । महिला टोलीका मुख्य प्रशिक्षक फिलिप्स सुरुमा अखिल नेपाल फुटल संघ (एन्फा) प्राविधिक निर्देशक रुपमा नियुक्त भएर आएका थिए । तर पछि उनलाई नेपाली महिलाको राष्ट्रिय फुटबल टोली हेर्ने जिम्मा पनि दिइएको थियो ।

एसियाली फुटबल महासंघ (एएफसी) ले अर्को वर्ष भारतमा हुने महिला एसियन कपको छनौटको लागि ४८ दिनअघि लक्की ड्र गरेको थियो। त्यसपछि नेपाली महिला टोलीका मुख्य प्रशिक्षक फिलिप्सले ३७ दिनअघि देशैभरबाट सुरुमा ४५ जनालाई प्रारम्भिक टोलीमा बोलाएका थिए। एएफसी महिला एसियन कपकै लागि भनेर उनले प्रारम्भिक टोली बोलाएका थिए। त्यतिबेला उदयपुर बेलकाका चोमोलुङ्मा राईलाई पनि बोलाइएको थियो । १ नम्बर प्रदेशबाट उनीसँगै झापाकी कुसुम खतिवडा पनि परेका थिए ।


*बाहिरिने १२ जनामा उदयपुरकी चोमोलुङ्मा, टोलीकै कान्छी झापाकी कुसुम, सरस्वती हमाल, सपना राई, सपना लामा, सलौनी राना, घिम कुमारी गुरुङ, गोलरक्षक साबित्रि किशन, रविना गोले, सुस्मा तामाङ, सृजना चेम्जोङ र रेखा पौडेल छन् ।*

त्यसपछि ४५ जनाको नेपाली महिलाको प्रारम्भिक टोलीले बन्द प्रशिक्षणमा अभ्यास गर्दै **– बाँकी २ पेजमा**












उदयपुर गाईघाटका महिला फुटबल खेलाडीहरु









प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

Admission0



त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगडा
गाईघाट, उदयपुर

सगरमाथा अञ्चलकै अग्रणी एवम् QAA Certified यस क्याम्पसमा शैक्षिक सत्र २०७८ का लागि

Faculties
- Management
- Humanities
- Education

+2 मा भर्ना खुल्यो !

कार्यक्रम
आवेदन फारम वितरण भईरहेको छ ।

प्रवेश परीक्षा भाद्र ४ गते शुक्रबार
परामर्श कक्षा भाद्र १३ गते
कक्षा सञ्चालन भाद्र १५ गते

आवश्यकता अनुसार पुनः प्रवेश परीक्षा लिइने

९८५२८३५३६३
९८४२८२६६७०
९८५२८३५६७०

विशेष आकर्षण - SEE मा A+ ल्याउनेलाई मासिक शुल्कमा ... छुट
- SEE मा A ल्याउनेलाई मासिक शुल्कमा ५० ... छुट

Computer Science मा सिट सङ्ख्या मात्र ३० !

Campus Chief

Visit Us At Least Once, Then feel the Difference !!


माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट